# आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि
# २०७४

कार्यपालिकाबाट स्वीकृत मितिः- २०७४।१०।१३

कार्यविधि संख्याः-२

फेदाप गाउँपालिका, तेह्रथुम

## फेदाप गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पोक्लवाङ, तेह्रथुम
## १ नं. प्रदेश, नेपाल

# आकस्मिक कोष संचालन तथा व्यबस्थापन कार्यबिधि-२०७४

**प्रस्तावनाः** फेदाप गाउँपालिका भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिति रहेको दिर्घरोगि जस्तै मुटु, मृगौको रोग, HIV/AIDS, क्यान्सर लगायतका मानव जिबनमा असर पार्ने तथा अप्रत्यासित कारणबाट सिर्जना भएको बिशेष परिस्थितिलाई तत्काल सम्बोधन गर्न,

गाउँसभाबाट विनियोजन नगरेको तर कार्यपालिकाले तत्कालको परिस्थितिको मुल्याङ्कन गरी सम्बोधन नगरी नहुने जुनसुकै किसिमको योजना कार्यक्रमको कार्यान्वयन गर्न, र

गाउँ कार्यपालिकाले आकस्मिक रुपमा सम्बोधन गर्नुपर्ने जुनसुकै किसिमको कार्य गर्न एक आकस्मिक कोष वाञ्छनिय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७० बमोजिम गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः-**

**क.** यस कार्यविधिको नाम "आकस्मिक कोष सञ्चालन तथा ब्यबस्थापन कार्यबिधि २०७४" रहेको छ।

**ख.** यो कार्यबिधि गाउकार्यपालिका बाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**क.** कार्यबिधि भन्नाले "आकस्मिक कोष सञ्चालन तथा व्यबस्थापन कार्यबिधि २०७४" भन्ने बुझ्नुपर्छ।

**ख.** कोष भन्नाले "गाउँपालिकास्तरीय आकस्मिक कोष" भन्ने बुझ्नु पर्छ।

**ग.** कार्यपालिका बन्नाले "फेदाप गाउकार्यपालिका" भन्ने बुझ्नु पर्छ ।

**घ.** आकस्मिक कार्य भन्नाले "भुकम्प, बाढी, पहिरो, आगलागी, चट्याङ, सडक दुर्घटना, इलेक्ट्रिक सर्ट, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक बिपदको तत्काल व्यवस्थापन गर्ने, मानवीय जीवनमा दीर्घ असर पार्ने किसिमका मुटु, मृगौलाको रोग, HIV/AIDS, क्यान्सर जस्ता दिर्घ रोग बाट पिडित ब्यक्तिहरुको लागि तत्काल व्यवस्थापन गर्ने, आकस्मिक वा अप्रत्यासित रुपमा दुर्घटनामा परि अगं भगं हुनेलाई तत्काल राहत उपलब्ध गराउने, गाउँसभाबाट विनियोजन नगरेको तर कार्यपालिकाले तत्कालको परिस्थितिको

फेदाप गाउँपालिका, तेह्रथुम

मुल्याङ्कन गरी सम्बोधन नगरी नहुने जुनसुकै योजना तथा गाउँ कार्यपालिकाले आकस्मिक रुपमा सम्बोधन गर्नुपर्ने जुनसुकै किसिमको कार्य" लाई बुझ्नु पर्छ ।

**ङ.** परिवार भन्नाले "एउटै घरमा बसेर जिविकोपार्जन गर्ने सम्पुर्ण सदस्यहरु जस्को तिन पुस्ते विवरण मेल खान्छ" लाई बुझ्नु पर्छ । साथै सो शब्दले एकाघरका बाबु वा छोरा मध्ये अंशबण्डा नभइ छुट्टिएर बेग्ला बेग्लै घरमा वा एकै घरको बेग्लै चुलाचौका गरी बसोबास गर्ने समुहलाई वेग्ला वेग्लै परिवार जनाउँछ ।

**च.** न्यून आर्थिक स्थिति भन्नाले "परिवारका कुनै पनि सदस्यले कुनै पनि रोजगारी, पेशा, व्यवसायमा संलग्न नभएको, दुइ छाक खानलाई धौ धौ पर्ने भनी वडा समितिको बैठकले प्रमाणित गरेको परिवार" लाई बुझ्नु पर्दछ ।

**छ.** वडा समिति भन्नाले "फेदाप गाउँकार्यपालिका अन्तर्गतका वडा कार्यालयको समितिलाई" बुझ्नुपर्दछ ।

**३. आकस्मिक कोषमा जम्मा गरिने रकमः**

आ.व. २०७४/०७५ को हकमा गाउँसभाले २०७४।०५।२४ गते स्वीकृत कार्यक्रम अन्तर्गत पूंजिगत शिर्षकको "गाउँपालिकास्तरीय आकस्मिक कोष" शिर्षकमा रु. १२,६२,७९१।— (बाह्र लाख बैसट्ठी हाजर सात सय एकानब्बे ) विनियोजन गरिएको छ । उक्त कोषमा जम्मा गरिने रकम प्रत्येक वर्ष वजेट विनियोजन गरी थप्दै लगिनेछ ।

## परिच्छेद २

## कोषको अबधारणा, लक्ष्य, उद्देश्य र निति

**४. अबधारणाः**

फेदाप गाउँपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानब सिर्जित बिपद बाट प्रभावित व्यक्ति, परिवार तथा संघ सस्थालाई तत्काल उचित व्यवस्थापन गर्न, राहत सहयोग उपलब्ध गराउनु, न्युन आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्यासित घटनामा अङ्ग भङ्ग भएकालाई पहिचान गरि राहत सहयोग पुर्याउनु, आपत्कालिन परिस्थितिमा कार्यपालिकाले सम्बोधन गर्नुपर्ने उचित कार्य गर्नुनै कोषको अवधारणा हुनेछ।

**५. लक्ष्यः**

क. फेदाप गाउँपालिकामा घट्न सक्ने प्राकृतिक तथा मानव निर्मित प्रकोपको तत्काल उचित व्यवस्थापन गरी प्रकोप व्यवस्थापनमा टेवा पुर्याउनु ।

फेदाप गाउँपालिका, तेह्रथुम

ख. फेदाप गाउँपालिकाको दीर्घरोगी, अङ्ग भङ्ग भएका नागरिकहरुलाई सम्बोधन गरी स्थानीय सरकारको उपस्थितिको आभाष दिलाउनु ।

ग. कार्यपालिकाले आवश्यक ठानेका तत्काल सम्बोधन गर्नुपर्ने विषयवस्तुलाई सम्बोधन गरी नागरिकको स्थानीय सरकार प्रतिको विश्वास अभिवृद्धि गर्नु ।

**६. उद्देश्यः**

घ. आकस्मिक रुपमा घट्न सक्ने प्राकृतिक, मानव निर्मित प्रकोपहरुको तत्काल व्यवस्थापन गर्ने

ङ. विपद पिडित, दीर्घरोगीहरुलाई तत्काल राहत उपलब्ध गराउने,

च. आकस्मिक वा अप्रत्यासित कारण बाट सिर्जना भएको विशेष परिस्थितिमा कार्यपालिकाले आवश्यक ठानेका जुनसुकै विषयवस्तुमा तत्काल गरिने आकस्मिक कार्य गर्ने,

**७. नीतिः**

क. विपद पिडितलाई तत्काल राहत उपलब्ध गराई पुनःस्थापना तर्फ उन्मुख गराउने ।

ख. गाउपालिकाको कार्यक्षेत्र भित्र भैपरि आएको बिशेष परिस्थितिमा तत्काल आबश्यक देखिएको कार्य गरि उचित व्यवस्थापन गर्ने ।

ग. स्थानीय तहमा रहेका अत्यन्त विपन्न दिर्घरोगिहरु, दुर्घटनामा परि अगं भगं हुनेलाई तत्काल राहत उपलब्ध गराउने ।

## परिच्छेद ३

## कोषको ब्यबस्थापन तथा संञ्चालन सम्बन्धि ब्यबस्था

**८. कोषको ब्यबस्थापन तथा संञ्चालन सम्बन्धि ब्यबस्थाः**

क. कोषको लक्ष तथा उद्देश्यहरु प्राप्तिको लागि फेदाप गाउपालिका, गाऊकार्यपालिकाको कार्यालयले स्वयम् ब्यबस्थापन गर्ने छ ।

ख. कोषको खर्चसम्बन्धि कार्याविधि अनुसुचि – १ बमोजिम हुनेछ । तर विशेष परिस्थितिमा कार्यपालिकाको निर्यण अनुसार कोषबाट रकम खर्च गरिने छ।

ग. बुदा न. २ (घ) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोषबाट रकम खर्च गर्न सकिने छैन।

फेदाप गाउँपालिका,तेह्रथुम

## परिच्छेद ४

## कोषको आर्थिक तथा प्रशासनिक ब्यबस्था

**९. कोषको वित्तिय व्यबस्थापनः** कोषमा देहायका रकमहरु रहने छनः

क. गाउ सभाबाट आकस्मिक कोषको लागि बार्षिक रुपमा विनियोजन हुने रकम,

ख. दातृ निकाय, गैर सहकारि संस्था, संघिय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरूबाट कोषलाई प्राप्त हुने रकम

**१०. कोषको आर्थिक कारोवारको अधिकारः**

कोषको आर्थिक कारोवारको अधिकार स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुनको अधिनमा रही गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाका प्रमुखबाट हुनेछ।

**११. प्रशासनिक ब्यबस्थाः**

कोषको प्रशासनिक व्यवस्था गाउपालिकाको कर्मचारि बाट नै सञ्चालन गरिने छ।

**१२. आकस्मिक कोषको रकम बृद्धि गर्नु पर्नेः**

गाउपालिकाले गाउसभाबाट स्वीकृत गराई आकस्मिक कोषमा रहने रकम हरेक वर्ष वृद्दि गर्नु पर्नेछ । चालु आ.व. मा कोषबाट विनियोजित रकम आगामी आ.व.को बजेटबाट सोध भर्ना गर्नुपर्नेछ ।

**१३. जाँच पास तथा फरफारकः**

कोषबाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानुन बमोजिन हुनेछ।

**१४. विविधः**

क. यस कोष बमोजिम अनुसुचि १ को वुँदा १, २ र ३ अनुसार वितरण हुने रकम फेदाप गाउँपालिकाको नागरिक नेपाल भित्र भएको आकस्मिक कार्यको लागि लागु हुनेछ । तर बाह्य मुलुकमा भएको आकस्मिक कार्यको लागि लागु हुने छैन ।

ख. यस कोष बमोजिम अनुसुचि १ को वुदा १, २ र ३ अनुसार वितरण हुने रकम परिवारको घरमुली पिडित भएको हकमा निजलाई पालन पोषण गरिरहेको छोराले मात्र पाउनेछ ।

फेदाप गाउँपालिका, तेह्रथुम

**१५. कार्यविधिको सशोंधनः**

यस कार्यविधिलाई गाउपालिकाले आबश्यकता महशुस गरेमा संशोधन हुनेछ।

**१६. बचाउ र खारेजीः**

**क.** यस कार्यविधिमा व्यवस्था भएका बुंदाहरुको हकमा स्थानिय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन सँग बाझिन गएमा बाझिएको हकमा स्वत खारेज भएको मानिनेछ।

**ख.** कुनै कारण बाट कोष सञ्चालन हुन नसकेमा गाउपालिकाले कोषलाई खारेज गर्न सक्नेछ।

**ग.** कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व गाउकार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ।

फक्ताप गाउँपालिका, तेह्रथुम

# अनुसुची – १

## परिच्छेद ३ को बुँदा ९ (ख) संग सम्बन्धित

| क्र.सं. | विवरण | शिर्षक | वितरण गरिने रकम | आवश्यक कागजात | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्राकृतिक तथा गैर प्राकृतिक विपदमा परी परिवारका सदस्यहरुको मृत्यु भएमा प्रति परिवार एकमुष्ट | काज किरिया खर्च | रु. २५,०००।— (पच्चिस हजार) | | एउटा परिवारमा एकमुष्ट २५,००० मात्र दिइने |
| २. | प्राकृतिक तथा गैर प्राकृतिक विपदमा परी अङ्ग भङ्ग भएका परिवारका सदस्यहरुको हकमा प्रति परिवार एकमुष्ट | उपचार खर्च | रु. २०,०००।— (बिस हजार) | निवेदन साथ नाता खुल्ने कागजात, प्रहरी सर्जमिन, सम्बन्धित वडा कार्यालयको सिफारिस | प्रति परिवार एकमुष्ट २०,०००।- |
| ३. | प्राकृतिक तथा गैर प्राकृतिक विपदमा परी घरवार विहिन भएका परिवारको हकमा प्रति घर | पुनःस्थापना राहत | रु. ३०,०००।— (तिस हजार) | | प्रति परिवार एकमुष्ट ३०,०००।- |
| ४. | अत्यन्तै न्यून आर्थिक स्थिति रहेको दीर्घरोगी विरामीको उपचार सहयोगार्थ राहत प्रति परिवार | उपचार खर्च | रु. २०,०००।— (बिस हजार) | परिवारको एकाघरको निवेदन साथ मान्यता प्राप्त सरकारी स्वास्थ्य संस्थाको मेडिकल रिपोर्ट, सम्बन्धित वडा कार्यालयको सिफारिस | प्रति परिवार एकमुष्ट रु. २०,०००।- |
| ५. | गाउँसभाबाट विनियोजन नभएको तर कार्यपालिकाले परिस्थिति अनुकुल आकस्मिक रुपमा सम्बोधन गर्नुपर्ने योजना | योजना रकम | कार्यपालिकाको निर्णयानुसार | | |
| ६. | कार्यपालिकाले तत्काल सम्बोधन गर्नुपर्ने जुनसुकै आकस्मिक कार्य | कार्यपालिकाको निर्णयानुसार | | | |

फेदाप गाउँपालिका, तेह्रथुम

**प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रमाणित मितिः २०७४।१०।२१**